STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np
BRANCH OFFICE : Campus Road 06, Waling, Syangja 9800074678

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

☐ वर्ष २२ ☐ अङ्क २११ ☐ श्रेणी क्षेत्रीय 'क' ☐ २०७८ साउन २९ गते शुक्रबार ☐ 13 Aug. 2021 ☐ पृष्ठ ४ ☐ मूल्य रू. २।-

'मेडिकल कलेजले तोकिएको सिट संख्याभन्दा बढी भर्ना नगर्नु'

रासस
काठमाडौं, २८ साउन

सर्वोच्च अदालतले नेपाल मेडिकल काउन्सिलबाट तोकिएको सिट सङ्ख्याभन्दा बढी गैरकानूनीरुपमा भर्ना गर्न नपाउने फैसला गरेको छ।

न्यायाधीश अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलाका पूर्णपाठमा मेडिकल कलेजका विद्यार्थीको समस्या समाधान गर्न आदेशको माग गर्दै दायर गरेको रिट निवेदनमाथि उक्त फैसला गरेको हो।

जिल्ला सोनभद्र चोपान नगरपालिका- ८ भारत स्थायी घर भई मोरङ विराटनगर उपमहानगरपालिका- ५ स्थित नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्राली एमबिबिएस तहको पहिलो सत्रमा अध्ययनरत विद्यार्थी विनितकुमार वर्माले दायर गरेको रिट निवेदनमा उक्त फैसला आएको हो।

फैसलाको पूर्णपाठमा अदालतले चार बुँदे निर्देशनात्मक आदेश जारी गरेको छ । "अब उप्रान्त नेपालमा सञ्चालित मेडिकल कलेजले नेपाल मेडिकल काउन्सिलबाट तोकिएको सिट सङ्ख्याभन्दा बढी स्वदेशी वा विदेशी विद्यार्थी भर्ना नगर्नु नगराउनु", फैसलाको पूर्णपाठमा भनिएको छ, "कुनै कारणवश बढी विद्यार्थी भर्ना गराएको देखिएमा तत्काल अर्को वर्षमा तोकिएको सिट सङ्ख्यामा नबढ्ने गरी सो अघिल्लो वर्षमा बढी भर्ना लिएको सिट सङ्ख्या बराबरका सिट नेपाल सरकारले प्रदान गर्ने अन्य छात्रवृत्तिसरह नै थप नेपाली विद्यार्थीलाई छात्रवृत्तिका रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।" अदाललते आदेश कार्यान्वयन भए नभएकोसमेत निरीक्षण र अनुगमन गरी आवश्यक कारवाही गर्न भनेको छ। "उपर्युक्त बमोजिम सञ्चालित मेडिकल कलेजले प्रचलित कानून बमोजिम नेपाल सरकारको सरोकारवाला निकाय, नेपाल मेडिकल काउन्सिल र सम्बन्धित विश्वविद्यालयले तोकेको मापदण्ड एवं भर्ना सिट सङ्ख्याको पालना भए नभएको हेर्नु", फैसलामा भनिएको छ, "यस सम्बन्धमा नियामक निकायको निर्णय, पत्र, निर्देशन तथा मापदण्ड र अदालतबाट कुनै आदेश भएको भए सो आदेश कार्यान्वयन भए नभएको नियमितरुपमा निरीक्षण एवं अनुगमन गरी आवश्यक कारवाही गर्नु गराउनु।"

अदाललते मेडिकल कलेजको निरीक्षण गर्न खटिएका व्यक्तिको सेवा शर्तअनुरुप निष्पक्षताका साथ कार्यसम्पादन भए वा नभएको हेर्न भनेको छ । "मेडिकल कलेजको निरीक्षण गर्न खटिएका अधिकार प्राप्त अधिकारीबाट आफ्नो सेवा शर्त अनुरुप तथा निष्पक्षताका साथ कार्यसम्पादन गरे नगरेकाबारे अनुगमन गरी निजको कार्यसम्पादनको अभिलेख राख्नु", फैसलामा भनिएको छ, "सम्बन्धित निकायको जिम्मेवार अधिकृतमार्फत राख्न लगाई निजमध्ये कसैको कार्य सम्पादनमा व्यक्तिगत स्वार्थ वा कुनै पनि प्रकारको अन्य कैफियत देखिएमा निजलाई भविष्यमा यस प्रकृतिको निरीक्षण कार्यमा संलग्न नगर्नु नगराउनु।" अदालतते नोबेल मेडिकल कलेजले शैक्षिकसत्र २०७२/०७३ का लागि एमबिबिएस शैक्षिक कार्यक्रममा नेपाल मेडिकल काउन्सिलबाट तोकिएको सिट सङ्ख्याभन्दा बढी भर्ना लिएको र पुनरावेदन अदालत पाटनको विसं २०७२ मङ्सिर १६ को आदेशबमोजिम गरेको नदेखिएकाले आगामी वर्षमा सम्बन्धित वर्षका लागि निर्धारित कूल सिट सङ्ख्यामा नबढ्ने भर्ना लिन भनेको छ।

"शैक्षिकसत्र २०७२/०७३ मा बढी भर्ना लिएका विद्यार्थी सङ्ख्याको पाँच भागको एक भाग सिट सङ्ख्याका दरले आगामी पाँच वर्षसम्म प्रत्येक वर्ष सरकारले उपलब्ध गराउने नेपाली विद्यार्थीको छात्रवृत्ति सङ्ख्यामा थप गर्ने व्यवस्था मिलाउनु", निर्देशनात्मक आदेशमा भनिएको छ, "आगामी वर्षमा नेपाल मेडिकल काउन्सिलले स्वीकृत गरेको सिट सङ्ख्याभन्दा बढी विद्यार्थी भर्ना गर्ने अन्य मेडिकल कलेजको हकमा पनि उपरोक्त निर्देशन अनिवार्यतः लागू हुनेछ।"

केसीद्वारा मुख्यमन्त्री पदको शपथ

रासस
काठमाडौं, २८ साउन

लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री कुलप्रसाद केसीले पद तथा गोपनीयताको सपथ लिनुभएको छ।

प्रदेश प्रमुख कार्यालयमा आज साँझ आयोजना गरिएको सपथ ग्रहण कार्यक्रममा संविधानको धारा १७२ अनुरूप प्रदेश प्रमुख अमिक शेरचनबाट मुख्यमन्त्री केसीले सपथ ग्रहण गर्नुभएको हो । सपथ ग्रहणपछि मुख्यमन्त्री केसीले बिहीबारदेखि कार्यभार पनि सम्हाल्नुभएको छ।

यसअघि दिउँसो तीन बजे प्रदेश प्रमुख शेरचनले केसीलाई संविधानको धारा १६८(२) अनुसार ४ दलीय गठबन्धनको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको थियो। दुई वा दुईभन्दा धेरै दलको समर्थनमा नियुक्त भएका मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ। केसीले ४१ सदस्य रहेको नेपाली काङ्ग्रेस, नेकपा(माओवादी केन्द्र), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धनले केसीको नेतृत्वमा नयाँ सरकारका लागि दाबी पेश गरेका थिए। केसी रोल्पा १ (क)बाट प्रदेशसभामा निर्वाचित हुनुभएको थियो । लुम्बिनी

बाँकी अन्तिम पृष्ठमा ▶▶

पहिलो चरणमा पोखराका पर्यटन व्यवसायी र मजदुरलाई खोप

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा पर्यटन परिषद्को समन्वयमा आज पोखराका २५ सय पर्यटनकर्मीलाई खोप लगाइएको छ । पोखराको विभिन्न पाँच स्थानमा पर्यटन सम्बद्ध संघ संस्था लगायत पर्यटन क्षेत्रका मजदुर, कर्मचारी र पर्यटन व्यवसायीलाई प्राथमिकताको आधारमा खोप लगाउन कार्यक्रम सम्पन्न गरिएको परिषद्का महासचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल पर्यटन बोर्ड, होटल माउण्ट कैलाश, होटल बाराही, बुमराङ रेष्टुरेण्ट र खपौदीको द ब्रिजमा गरेर पाँच स्थानमा खोप केन्द्र तोकिएको थियो। प्रत्येक खोपकेन्द्रमा पाँचसय खोपको व्यवस्था गरिएको शर्माले जानकारी दिनुभयो।

परिषद्का अध्यक्ष गोपीबहादुर भटटराई निकै लामो समयको प्रयास पछि पहिलो चरण सरकारले पर्यटन क्षेत्रलाई २५ सय खोप छुटटाएको बताउनुभयो । "हामीले निकै लामो समयदेखि तीन तहकै सरकारलाई खोपको माग गर्दै आएका थियौ, अहिले पहिलो चरणमा जम्मा २५ सय खोप उपलब्ध भयो।" भट्टराईले भन्नुभयो । उहाँले पहिलो चरणको खोप फ्रन्टलाइनमा खटिने मजदुर, कर्मचारी र व्यवसायीलाई खोपको प्रबन्ध गरेको जानकारी दिनुभयो । उहाँले २५ सय खोप पर्याप्त नभएको जनाउँदै पुनः बाँकी पर्यटनकर्मीका लागि पनि सरकारले छिटो खोप उपलब्ध गराउनेमा आशावादी रहेको बताउनुभयो । उहाँका अनुसार पोखरामा २० हजार बढी पर्यटन क्षेत्रमा आवद्ध रहेका छन् । खोपकेन्द्रको गण्डकी प्रदेशका पर्यटन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल र कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकमार थापाले संयुक्त अनुगमन गर्नुभएको थियो।

मन्त्री कँडेलले पोखरा पर्यटकीय राजधानी भएकाले पर्यटन क्षेत्रलाइ प्राथमिकता राखेको जनाउँदै छिट्टै बाँकी पर्यटनकर्मीका लागि खोपको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । परिषद्का सदस्य एवम् पर्यटन क्षेत्रमा आबद्ध पश्चिमाञ्चल होटल एशोसिएशन (हान), ट्रेकिङ एजेन्सिज एशोसियशन अफ नेपाल पश्चिमाञ्चल (टान), नेपाल टुर एण्ड ट्राभल्स एजेण्टस् (नाट्टा), रेष्टुरेण्ट एण्ड बार एशोसियशन (रेवान), नेपाल हवाइ खेलकुद संस्था (ना), पोखरा ट्याक्सी व्यवसायी समिति , पर्यटन यातायात व्यवसाय समिति, गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ), पर्वतारोहण संघ गण्डकी (एनएमए) इम्ब्रोइडरी एण्ड गार्मन्ट एशोसियशन (एगा) ट्रेकिङ इक्युपमेन्ट सप एशोसियन (टेसा), महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) , पर्यटन व्यवसायी महिला संघ (टेवान), लगायत २५ वढी संघ संस्था सदस्यहरुले खोप लगाएका परिषद्का उपाध्यक्ष एवम् कार्यक्रमका संयोजक पोमनाराण श्रेष्ठ जानकारी दिनुभयो।

परिषद्ले पर्यटनकर्मीलाई खोपको सुनिश्चिता नभएसम्म पर्यटन व्यवसाय संचालन गर्न नसक्ने भन्दै "नो भ्याक्सि, नो टुरिज्म" भन्दै सामाजिक सञ्जाल लगायत जिल्ला प्रशासन अगाडि विभिन्न चरणमा दबाबमुलक आन्दोलन समेत गरेको थियो।

प्रदेश खेलकुद परिषद्को उपाध्यक्षमा गुरुङ नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

गण्डकी प्रदेश खेलकूद परिषद्का उपाध्यक्षमा जिल्ला बाँस्केटबल सङ्घका अध्यक्षसमेत रहनुभएका ध्वजकुमार गुरुङ नियुक्त हुनुभएको छ।

प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले उहाँलाई उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका भौतिक पूर्वाधार विकासमन्त्री कुमार खड्काले जानकारी दिनुभयो।

स्याङजाको वालिङ नगरपालिका- १२ सिर्सेकोट कोखे घर भई उहाँ हाल पोखरा-१० मा बसोबास गर्दै आउनुभएको छ । यसअघि उपाध्यक्षमा नियुक्त नारायण पुन परिषद्को बैठकमा उपस्थित नभएका कारण गत साउन १३ गते ७ दिने सार्वजनिक सूचना जारी गरिएकामा सम्पर्कमा नआएको र स्पष्टीकरणको जवाफ नआएकाले उहाँलाई पदमुक्त गरी रिक्त पदमा गुरुङलाई नियुक्त गरिएको छ।

नेपाल राष्ट्रिय ह्याण्डबल टोलीका सदस्यसमेत रहनुभएका गुरुङ पश्चिमाञ्चलको ह्याण्डबल टोलीको कप्तानीसमेत सम्हाल्नुभएको थियो । उहाँका कप्तानीमा पाँचौं राष्ट्रिय खेलकूदमा पश्चिमाञ्चलले पुरुषतर्फ स्वर्ण पदक जितेको थियो । यसैगरी मन्त्रिपरिषद्को बैठकले नवलपुरको मुकुन्दपुर-आहाले-रतनपुर-कोटथर डाँडाभेरी हुँदै बुलिङटार सडकलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गर्दै वन क्षेत्रको चार दशमलव छ हेक्टर जग्गा प्राप्ति तथा रुख कटानका लागि सङ्घ सरकारसँग आग्रह गर्ने निर्णय गरेको छ । कोरोना भाइरसको रोकथाम नियन्त्रणका लागि अस्थायी दरबन्दीमा काम गर्दै आएका ४४४ जनाको दरबन्दी असार मसान्तमा सकिएकामा साउन १ देखि असोज मसान्तसम्म थप गर्ने निर्णय गरेको मन्त्री खड्काले जानकारी दिनुभयो।

तीन हजार २६० मा संक्रमित, ३२ जनाको मृत्यु

रासस
काठमाडौं, २८ साउन

तीन हजार २६० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १० हजार ८०६ जनाको पिसिआर परीक्षण गर्दा दुई हजार ४७३ र चार हजार ६५६ एन्टिजेन परीक्षण गर्दा ७८७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो।

विगत २४ घण्टामा १५ हजार ४६२ जनामा नमूना परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यससँगै नेपालमा सक्रिय सङ्क्रमितको कूल सङ्ख्या ३८ हजार १८० पुगेको छ। सो अवधिमा दुई हजार २९४ जना सङ्क्रमणमुक्त भएका छन्। आजसँगै कूल छ लाख ७७ हजार ३७७ जना सङ्क्रमणमुक्त भएका हुन् । नेपालमा निको हुने दर ९३.३ प्रतिशत रहेको छ। यस्तै विगत २४ घण्टामा कोभिडका कारण ३३ जनाको निधन भएको छ । अहिलेसम्म कूल १० हजार २१२ जनाको कोरोना सङ्क्रमणबाट निधन भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । हाल मृत्युदर एक दशमलव पाँच प्रतिशत रहेको छ । मन्त्रालयको अनुसार ७३७ जना सघन उपचार कक्षमा १८३ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्।

प्रमुख सचेतकमा ओमकला, सचेतकमा भगवतप्रकाश

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

गण्डकी प्रदेश सभामा सत्तारुढ नेपाली कांग्रेसको प्रमुख सचेतकमा ओमकला गौतम चयन भएकी छन्। दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले गौतमलाई उक्त पदमा नियुक्त गरेका हुन्।

पहिलेका प्रमुख सचेतक मणिभद्र शर्मा कँडेल मन्त्रीमा नियुक्त भएपछि रिक्त रहेको पदमा सचेतक गौतम नियुक्त भएकी हुन्। यसैगरी सचेतक पदमा स्याङ्जाका भवगतप्रकाश मल्ल नियुक्त भएका हुन्। सचेतक गौतम प्रमुख सचेतकमा नियुक्त भएपछि मल्ल सचेतकमा नियुक्त भएका हुन् । नेपाली कांग्रेस संसदीय दलका नेता पोखरेलको नेतृत्वमा गण्डकीमा सरकार बनेपछि दलभित्रका पदाधिकारी हेरफेर भएका हुन्।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

कर्मचारी हितका लागि गरिएका सहमति कार्यान्वयन गर्न काँग्रेसबाट निर्वाचित वडाध्यक्षहरुको माग

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा महानगरपालिका दलको नेता तथा सचेतक (ने.का) रामराज लामिछानेले बिहीबार विज्ञप्ति प्रकाशित गरी कर्मचारीको हितका लागि विगतमा गरिएका सहमति कार्यान्वयन गर्न माग गर्नुभएको छ।

नगर सभाको दिन बिहान पोखरा महानगरपालिकाका प्रमुखको कार्य कक्षमा उहाँकै अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत, दुवै दलका नेता तथा सचेतक, प्रवक्ता, ने.कातर्फ दलका उप-नेता र प्रशासन प्रमुख बीच कर्मचारी हितको विषयमा गरिएका सहमतिलाई तोडमोड गरिएकोमा आपत्ती जनाइएको छ। सहमति कार्यान्वयन गर्नुको साटो प्रमुख प्रशासकीय अधिकृतबाट तोडमोड गरी सहमति कार्यान्वयन नगर्ने खालको गतिविधि गरिएको भन्दै आपत्ती जनाइएको छ। विज्ञप्तिमा विगत २०-२२ वर्ष देखि अस्थायी, करारमा रही कार्यरत सबै कर्मचारीहरुलाई योग्यताका आधारमा तत्काल स्थायी गर्न, स्थानीय तहका कर्मचारीहरुलाई एक तह बढुवा गरी समायोजन गर्न माग गरिएको छ। त्यस्तै, स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकास सुविधा साविकको स्थानीय निकायले प्रदान गरेको भन्दा कम नहुने गरी संशोधन गर्न र अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकास सुविधा ज्यादै न्युन भएकाले एकमुष्ट उचित रकम दिने व्यवस्था गर्न माग गरिएको छ।

विज्ञप्तिमा आफूहरु सदैव कर्मचारीको हितको पक्षमा रहेकाले कर्मचारीको मनोबल उच्च बनाउनुपर्ने उल्लेख छ।

नाग मूर्ति स्थापनासहित विधिपूर्वक प्राणप्रतिष्ठा

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा महानगरपालिका-१७ स्थित म्यूजियम मार्गमा स्थापना गरिएको नाग मूर्तिको विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको छ । स्थानीय धार्मिक व्यक्तित्वको सक्रियता एवं विभिन्न सङ्घ संस्था, उद्योगी व्यवसायीको सामूहिक प्रयासबाट निर्माण गरिएको नागथानमा पाँच शिर भएका नागले शिवलिङ्गलाई वेरिएको नागमूर्ति स्थापना गरि प्राणप्रतिष्ठा गरिएको हो।

शिवको महिना साउनको चौथो सोमबारदेखि प्रत्येक दिन बिहान सोडसोपचार विधिबाट पूजा आरधना एवं साझ धुप आरतीसहित शिलामा नाग भगवान्लाई आह्वान गरिएको पूजा व्यवस्थापन समितिका संयोजक विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो। अव्यवस्थित एवं सानो ठाउँमा दुई दशकअघि नागस्थान स्थापना गरी प्रत्येक नागपञ्चमीका अवसरमा पूजा गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, 'यसपटक सबैको साथ र सहयोगले नागथानलाई व्यवस्थित गरी विधिपूर्वक पूजा आरधना गर्ने तयारी भई रहेको छ ।' नागमूर्तिसहित पूजा आरधना गर्नेका लागि आवश्यक ठाउँ, पानी, विद्युत्सहित एक दर्जन जनाको क्षमता भएको नागस्थान निर्माणका लागि कूल रु दुई लाख तीन हजार ११५ खर्च भएको नागथान निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष चेतनदास शर्माले जानकारी दिनुभयो। नागस्थान निर्माण गर्ने उदेश्यका साथ शुरु गरिएको अभियानमा विभिन्न सङ्घसंस्था एवं व्यक्तिहरूबाट स्वस्फूर्त गर्नुभएको सहयोगले जहाँ धर्म त्यहा धन भन्ने उखानलाई चरितार्थ गरेको बताउँदै उहाँले अहिलेसम्म समितिका नाममा कूल तीन लाख ५४ हजार ४०४ सङ्कलन भएको बताउनुभयो । नागथान निर्माण गर्ने अभियानअन्तर्गत विष्णुप्रसाद पौडेले मूर्ति, लिलकाजी गुरुङद्वारा आवश्यक सम्पूर्ण ट्रष्ट, गण्डकी सुनचाँदी पसलका अमर सुनारबाट टायल सहितको खर्च, शुभकामना आमा समूहबाट ११ हजार १११ सहित पाँच हजारभन्दा बढी आर्थिक सहयोग गर्ने ३० विभिन्न सङ्घसंस्था व्यक्ति रहनुभएको उहाँले बताउनुभयो। काम शुरु गरियो आर्थिक सङ्कलन गर्न नसकिने हो की भन्ने चिन्ता लागेको थियो नाग भगवानको शक्तिले 'त आँट म पुऱ्याउँछु' भने जस्तै भयो उहाँले भन्नुभयो, 'टोल छिमेक तथा सो क्षेत्रमा आउने जो केहीले पनि खोजी खोजी नागको नाममा दान गर्ने दाता आउने क्रम जारी छ।' नागेपञ्चमीका अवसरमा भागवत भाष्कर पण्डित कमलनयन गौतमबाट प्रणाप्रतिष्ठा गरिएका नागमूर्तिको शुक्रबार बिहान अनावरण गर्ने कार्यक्रम रहेको छ । अनावरण कार्यक्रमपश्चात स्थानीयले आफ्ना घर घरको मूल ढोकामा विधिपूर्वक नाग टास्ने कार्यक्रम रहेको समितिका उपाध्यक्ष एकनारायण अर्यालले जानकारी दिनुभयो। साउन महिनाको शुक्ल पञ्चमी नागपञ्चमी पर्व परम्पराअनुसार घरको मूल ढोकामा नागको चित्र टाँसी पूजाअर्चना गरिन्छ। जुन घरमा नागको बास हुन्छ, त्यहाँ लक्ष्मीको बास हुन्छ भन्ने धार्मिक विश्वासका साथ नागपूजा गरिने प्रचलन छ।

किसानलाई प्रेरित गर्न गाउँपालिकाद्वारा ड्रागन खेती

रासस
वालिङ, २८ साउन

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले ड्रागन फ्रुट खेतीका लागि किसानलाई प्रेरित गरेको छ। गाउँपालिका-४ को पुछार भन्ने ठाउँमा स्थानीयवासीको २४ रोपनी जग्गा १५ वर्षका लागि भाडामा लिएर सो फ्रुट लगाइएको अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो।

"सिँचाइका लागि पर्याप्त पानी नचाहिने, यहाँको हावापानी, र माटो सुहाउँदो खेती भएकाले नमूनाका रूपमा खेती गरेका हौँ" अध्यक्ष थापाले भन्नुभयो, "सुरुको चरणमा स्थानीय किसान, कृषक समूह र सहकारीलाई यो खेतीका लागि प्रोत्साहन गर्ने नीति लियौँ, तर यहाँका लागि नयाँ भएकाले खासै रुचि नदेखाएपछि गाउँपालिकाले नै सुरुवात गरेको हो।" गत वर्ष तीन हजार बिरुवा लगाइएकामा यस वर्ष एक हजार ८०० बिरुवा थप गरी कूल चार हजार ८०० बिरुवा लगाइएको छ। "अध्ययनअनुसार सुक्खा ठाउँ, पानी थोरै भए पनि हुने र यहाँको हावापानी तथा माटोअनुसार यस्तो खेतीको सम्भावना बढी देखियो", अध्यक्ष थापाले भन्नुभयो, "यसको व्यावसायिक उत्पादन यहाँ सम्भव छ भन्ने देखाएर किसानलाई प्रेरित गर्नका लागि पनि गाउँपालिका आफैँले प्रारम्भ गरेको हो।"

अहिले गाउँपालिकाले इच्छुक किसान, कृषक समूह तथा सहकारीलाई बिरुवामा ५० प्रतिशत अनुदान र पोलमा शतप्रतिशत अनुदानसहित आवश्यक प्राविधिक तालिम तथा सहयोग उपलब्ध गराउँदै आएकाले किसान यसप्रति आकर्षित भएका छन् । गाउँपालिकाले बिरुवा उत्पादन गरी किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गर्दै छ।

पचासभन्दा धेरै बिरुवा लगाउने किसान, समूहलाई ५० प्रतिशत अनुदान तथा पोल निःशुल्क उपलब्ध गराइएको छ। यो खेती विस्तारका लागि गाउँपालिकाले हालसम्म रु ८५ लाख लगानी गरिसकेको छ। ठूला-ठूला समथर बारीका पाटा भएर पनि सिँचाइको अभाव भएकाले लिफ्टिङ गरी पानी तानेर सिँचाइको व्यवस्था मिलाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवालीले बताउनुभयो । विस्तारै किसान यस खेतीतर्फ आकर्षित हुँदै गएकाले यहाँको किसान, समूह सहकारीका लागि आम्दानीको स्रोत बन्न सक्ने उहाँले जानकारी दिनुभयो । किसान, समूह तथा सहकारीले उत्पादन गरेका बिरुवा तथा फलको विक्रीको व्यवस्था गाउँपालिकाले ने गरिदिने भएको छ । यहाँको गहना तथा नमूनाका रूपमा यो खेती विस्तार गरिएकोप्राविधिकगम्बरसिंहथापाले बताउनुभयो । गाउँपालिकाभित्र नौलो खेती भित्रिनाका साथै स्थानीयवासीले रोजगारीसमेत प्राप्त गरेका छन्।

केसीद्वारा...

प्रदेशका नवनियुक्त मन्त्रीले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ । गठबन्धनका तर्फबाट सरकारमा सहभागी भएका ६ जना मन्त्रीले प्रदेश प्रमुख अमिक शेरचनबाट सपथ ग्रहण गर्नुभएको हो।

मुख्यमन्त्री कुलप्रसाद केसीसहित सात सदस्यीय मन्त्रिपरिषद्मा ग्रामीण तथा शहरी विकासमन्त्रीका रूपमा डिल्ली चौधरी, आर्थिक मामिला तथा योजना मन्त्रीकामा कृष्णध्वज खड्का र भौतिक पूर्वाधार विकास मन्त्रीकामा सहसराम यादवले सपथ लिनुभएको छ । अजय शाही, सुमन शर्मा रायमाझी र पुर्मती ढेङ्गाले विनाविभागीय मन्त्रीकामा सपथ लिनुभएको छ। विभागीय मन्त्रीले आजैदेखि कार्यभार सम्हाल्ने जनाइएको छ।

भारतीय राजदूतावास
पेन्सन वितरण कार्यालय, पोखरा

सत्यमेव जयते

आवश्यकता (Vacancy)

१. भारतीय राजदूतावास पेन्सन वितरण कार्यालय पोखरामा तल उल्लेखित पदको पदपुर्ती (नयाँ भर्ना) गर्नुपर्ने भएकोले ईच्छुक भारतीय भूतपूर्व सैनिकहरुले आफ्नो पेन्सन पट्टा, डिस्चार्ज सर्टिफिकेट, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, डाक्टरद्धारा स्वास्थ्य परिक्षणको प्रमाणपत्र र निवेदन सहित दिनांक २६ अगस्त २०२१ तदानुसार १० भाद्र २०७८ को बिहान १० बजेभित्र भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय रामबजार पोखराको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

सि. नं.	पद	संख्या	उमेर
(क)	चौकीदार (Chowkidar)	०१	४५ वर्ष ननाघेको हुनुपर्ने छ।

२. प्राप्त निवेदन र कागजपत्रहरुको आधारमा छनौट भएका उम्मेदवारहरुलाई मात्र टेलिफोन मार्फत अन्तर्वार्ताको लागि बोलाईने छ।

सम्पर्क नं. ०६१-४३१२०
०६१-४३२८०५

कार्यालय प्रमुख
भारतीय राजदूतावास
पेन्सन वितरण कार्यालय, पोखरा

घर भाडामा

भूपी मार्ग २ अर्चलबोट पोखरा बागलुङ हाई वे बाट ५० मिटर दुरीमा रहेको घर आवा स एवं सहकारी संचालनका लागि उपयुक्त भाडामा छ ।



सम्पर्क नं.
९८४६१५४०७७



कोरोना भाइरस रोग
(कोभिड-१९)

ज्वरो आउने
खोकि लाग्ने
स्वाश फेर्न गाह्रो हुने

यस्ता लक्षणहरु देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।
यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्छ ।

ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरु व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने

खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

भिडभाडमा नजाने र अरुलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने

बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

राष्ट्रिय दैनिक पोखरापत्र
www.pokharapatra.com.np

कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि ११९५ वा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ मा सम्पर्क गरौं।

स्वास्थ्य नै ठूलो धन हो।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं।

- कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।
- कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
- हजरत अली

सम्पादकीय

दल असफल देखाउने काम

सत्तारूढ नेपाली काङ्ग्रेस संवैधानिक प्राबधान अनुसार पाँच वर्ष छ महिना भित्र महाधिवेशन गर्न नसक्ने अवस्थामा पुगेको छ । काङ्ग्रेसको विधानअनुसार चारवर्षे कार्यकाल र बिशेष अवस्था आएमा एकवर्ष थप गर्न सकिन्छ। एक वर्ष किन थपियो नेपाली जनताले थाहा पाउन सकेनन। संविधानले दिएको छ महिना सुविधा उपयोग गरेर पनि महाधिवेशन गर्न नसक्नु नेतृत्वको असफलता हो । ७५ वर्षको इतिहास भएको पार्टी बैधानिक तरिकाले नेतृत्व गर्न नसक्नु सभापति शेर बहादुर देउवाको अक्षमता हो । अक्षमले पटकपटक देश र पार्टीको नेतृत्व गर्नु देशमा अस्थिरता निम्त्याउने खतरा हो। तत्कालीन सभापति सुशील कोइरालाले, शेरबहादुर देउवाबारे सरकार दियौं, देश डुवाइदिन्छ। पार्टी सत्ता दियो, पार्टी नै डुवाइदिन्छ भन्ने आरोप सहि सावित हुन खोजेको छ।

महाधिवेशन हुनुभन्दा अगाडि कोइरालाको निधन भयो । देउवा सभापति चुनिए। २४ फागुन २०७२ मा कांग्रेस सभापतिमा निर्वाचित देउवाको बाचा थियो, ‘पार्टी संगठन सबल र सक्षम बनाउँछु।’ तर उनको कार्यकालमा कांग्रेस सबल होइन, अस्तव्यस्त भएको छ । पार्टीको सभापति होइन, गुटको नेता भइरहे। पार्टीको विधानले दिएका जिम्मेवारी पूरा गरेनन् । कांग्रेसको विधान अनुसार, दुई महीनाभित्र बनाइसक्नुपर्ने विभागहरु देउवाले झण्डै चार वर्षसम्म बनाएनन्। २०७७ पुसमा एकलौटी रुपमा विभाग संख्या बढाएर आफू निकट नेताहरुलाई जिम्मेवारी दिए । कार्यसम्पादन समिति र संसदीय बोर्ड पनि विधान विपरीत बनाएका कारण विघटन गर्नुपर्‍यो । सभापतिमा निर्वाचित भएको एक वर्ष नाघेपछि १३ चैत २०७३ मा २९ सदस्यीय (वरीयताक्रम अनुसार २२ केन्द्रीय सदस्य र ७ पदाधिकारी) कार्यसम्पादन समिति बनाए। २४ असोज २०७४ मा २५ सदस्यीय संसदीय बोर्ड बनाए। तर दुवै विधान उल्लंघन गरेर बनाएका कारण १६ वैशाख २०७५ मा खारेज भए। नयाँ विधानअनुसार कार्यसम्पादन समिति ३१ सदस्यीय बन्नुपर्ने हो। तर सभापति देउवाले यो काम पनि गर्न सकेका छैनन्।

भ्रातृ संस्थाहरुको अवस्था पनि पार्टीकै जस्तो रह्यो । १३ भ्रातृसंस्था र १८ शुभेच्छुक संस्था निष्क्रिय जस्तै रहे। देउवा सभापति निर्वाचित भएको पहिलो वर्षमै नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल र नेपाल महिला संघको अधिवेशन गराए। तर, नेपाल विद्यार्थी संघ र तरुण दलको अधिवेशन नाम मात्रको थियो। भागबण्डामा पदाधिकारी मनोनीत गरियो, जसले सिंगो कार्यकालमा केन्द्रीय कमिटी समेत बनाउन सकेन। पटक-पटक म्याद थपिएको नेविसंघ र तरुण दल अहिले पनि पदाधिकारीमै सीमित छ। अरु भ्रातृ तथा शुभेच्छुक संस्थाको अवस्था त्यस्तै छ। ‘पार्टीलाई नयाँ उपलब्धि हासिल गराउने र विधानको सीमाभित्र गर्नुपर्ने कामहरु पनि भएनन्।’पार्टीलाई राम्रोसँग चलाउन नसक्नेलाई देश चलाउने जिम्मेवारी दिनु दुधको साँछी बिरालो जस्तै हो। गर्नुपर्ने काम नगर्ने नगर्नुपर्ने काम गरेर प्रणाली विगार्न उद्धत देखिन्छन्।

पार्टीको महाधिवेशन गर्ने कि नगर्ने, कहिले गर्ने जस्ता विषयमा नेतृत्वका आकांक्षीहरुको आ-आफ्नो जोडघटाउ हुन्छ । तर सभापति त्यस्तो व्यक्ति हुन्छ, जसको स्वार्थ अरु भन्दा फरक हुन्छ । पार्टीको सभापतिमा निर्वाचित भएपछि पार्टीको नेतृत्व गर्नु र समयमा महाधिवेशन गर्नु उसको पहिलो दायित्व हुन्छ। तर देउवाले विधान अनुसार तोकिएको चारवर्षे कार्यकालमा महाधिवेशन गर्नै चाहेनन् । असाधारण स्थिति भएमा केन्द्रीय समितिले कारण खुलाएर बढीमा एक वर्षसम्म अवधि थप गर्न सक्ने विधानको व्यवस्थाको ‘दुरुपयोग’ गर्ने मनसाय राखेर अगाडि बढे । त्यहीअनुसार एक वर्ष म्याद थप्न २६ मंसीर २०७६ मा केन्द्रीय कार्यसमिति बैठक बोलाएपछि पौडेल समूहले बैठक नै बहिष्कार गर्‍यो।

तथापि केन्द्रीय कार्यसमितिमा बहुमत भएकाले देउवाले ११ पुसमा एक वर्ष म्याद थप्ने निर्णय गराए भने २०७७ फागुन ७-१० मा महाधिवेशन गर्ने कार्यतालिका पास गराए। पौडेल समूहसँग सहमति भएपछि १३ माघ २०७६ मा केन्द्रीय कार्यसमितिले केन्द्रीय महाधिवेशनको मिति यथावत् राख्दै अरु कार्यतालिका परिमार्जन गर्‍यो । तर त्यसअनुसार पनि काम भएन । न क्रियाशील सदस्यता वितरण तथा नवीकरण शुरु भयो, न छानबिन समिति बन्यो । ६ फागुन २०७७ मा महाधिवेशन गर्नुपर्ने बेला केन्द्रीय कार्यसमिति बैठक बस्यो र संविधान अनुसार थप ६ महीनाको सुविधा प्रयोग गर्दै २०७८ भदौ ७-१० सम्म महाधिवेशनको मिति तोक्यो। ४ असार २०७८ मा केन्द्रीय समिति बैठकले फेरि कार्यतालिका संशोधन गर्दै भदौ १६-१९ सम्म केन्द्रीय महाधिवेशन गर्ने भन्यो। त्यसअनुसार १२ साउनबाट वडा तहको अधिवेशन हुनुपर्ने थियो। तर यो कार्यतालिका पनि प्रभावित भयो र २३ भदौभित्र महाधिवेशन असम्भव जस्तै बनेको छ। बिहीबारदेखि शुरु भएको केन्द्रीय कार्यसमिति बैठकमा नयाँ कार्यतालिका प्रस्ताव गरिएको छैन । केन्द्रीय सदस्यहरुको राय बुझेर मात्र नयाँ कार्यतालिका ल्याउने तयारी छ। जुन कार्यान्वयनको लागि होइन देखाउन हो। कहिले कोरोना, कहिले निर्वाचन आयोगदत कहिले पदको दुरुपयोग गरेर महाधिवेशन नगर्नु दलहरू असफल देखाउने काम हो।

तपाईंको आज

मेष	:	आर्थिक समस्या	तुला	:	अप्रत्यसित लाभ
वृष	:	मानसिक तनाब	वृश्चिक	:	शत्रुको भय
मिथुन	:	मन चञ्चल	धनु	:	सम्मान मिल्नेछ
कर्कट	:	शारीरिक झमेला	मकर	:	सहयोग मिल्नेछ
सिंह	:	झमेला बड्ने	कुम्भ	:	सत्कार मिल्नेछ
कन्या	:	कार्यमा सफलता	मीन	:	ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

कहिले उठ्ला पोखराको पर्यटन ?

–सिबी अधिकारी
पोखरा, २८ साउन (रासस)

पर्यटकीय राजधानीको उपमा पाएको मुलुकको प्रमुख पर्यटकीय गन्तव्य पोखरा यतिखेर सुनसान प्रायः देखिन्छ । राजधानी काठमाडौँपछि उल्लेख्य सङ्ख्यामा पर्यटक पुग्ने पोखराको पर्यटकीय गतिविधि सुस्त छ । सिजनमा दैनिक दुई हजार पर्यटक पुग्ने पोखरामा अहिले विदेशी पाहुना भेट्टाउनै मुस्किल छ । पर्यटकीय ‘सिजन’ होस् या ‘ अफ सिजन’ जतिखेर पनि भरिभराउ र झकिझकाउ हुने पोखराको ताल क्षेत्र ‘लेकसाइड’ अहिले सुनसान छ । लेकसाइडका सडकमा न त विदेशी नागरिक (खैरे) देखिन्छन् न त नेपाली नागरिकहरूको हूल भेटिन्छ।

कोभिड-१९ का कारण झण्डै दुई वर्षयता पर्यटकीय नगरी पोखरामा व्यवसाय ठप्प छ । नेपाल आउने विदेशी पर्यटकमध्ये करिब ४० प्रतिशत पोखरा गन्तव्यमा पुग्छन्। यस क्षेत्रका व्यवसायी पलायन हुने अवस्थामा छन् भने पर्यटन क्षेत्रका मजदुरको रोजगारी जोखिममा परेको छ । बन्दाबन्दीपछि पोखराको पर्यटन बिस्तारै लयमा फर्कने तर्खरमा थियो व्यवसायीले आन्तरिक प्रवर्द्धनात्मक गतिविधि बढाए। मर्दी हिमाल पदयात्रा, धम्पुस पिक आरोहणका साथै प्रदेशका ढोरपाटनदेखि नवलपुरसम्मका विभिन्न स्थानमा प्रवर्द्धनका कार्यक्रम गरिएको थियो । कोरोनाको दोस्रो लहरले यी सबै क्रियाकलापसमेत पुनः ठप्प बनेका छन् । कोभिडको दोस्रो लहरपछि पलाएको आशा पनि पुनः तेस्रो लहरको पूर्वसङ्केतले पर्यटन क्षेत्रलाई त्रसित तुल्याएको छ। डलरे पर्यटक नहुँदा विदेशी मुद्रा आर्जनको आधारसमेत खुम्चिएको छ । पदयात्रा पर्यटनको ‘ट्रान्जिट प्वाइन्ट’ पोखरामा आन्तरिक पर्यटकले ५० प्रतिशत हिस्सा ओगट्ने गरेको छ।

पर्यटनका लागि खोपको सुनिश्चितता

पर्यटनलाई पुनः चलायमान बनाउन यतिखेर पोखराका पर्यटन व्यवसायी प्रदेश हुँदै सङ्घीय सरकारसँग खोपको सुनिश्चितताको माग गरिरहेका छन् । पोखरा पर्यटन परिषद्को अगुवाइमा कोरोनाविरुद्धको खोपको व्यवस्थाका लागि अभियान सुरु गरिएको छ । परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले आफूहरूलाई पहिलो चरणमा होटेल तथा रेष्टुरेन्टसहितका मजदुर एवं व्यवसायीलाई लक्षित गरी कोरोनाविरुद्धको खोप तत्काल उपलब्ध गराउन सकिए पनि तत्कालका लागि पर्यटन बजारमा राम्रो सन्देश दिने बताउनुभयो । पर्यटन व्यवसायी, मजदुर र कर्मचारीलाई खोपको सुनिश्चितता गराउन सकिए अहिले सुस्ताएको पर्यटनको दीर्घकालीन रूपमा सकारात्मक सन्देश जाने नेपाल पर्यटन बोर्डका सञ्चालक समिति सदस्य विप्लव पौडेलले बताउनुभयो । पोखराको प्रतिष्ठित होटेल बाराहीका सञ्चालक पौडेलले कोभिड कहरले पोखराको पर्यटन उठ्नै नसक्ने गरी थला परेको भन्दै पर्यटनलाई चलायमान बनाउन खोपको सुनिश्चिततासँगै राज्यका तर्फबाट थप आर्थिक सहुलियतका प्याकेज आवश्यक भएको औँल्याउनुभयो । “पर्यटन क्षेत्रलाई चलायमान बनाउन तत्काल कोभिडविरुद्धको खोपको व्यवस्था व्यवसायी र मजदुरलाई मिलाइनुपर्छ, सरकारको मौद्रिक नीति तथा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले कसरी पर्यटनलाई उकास्ने भन्ने रणनीतिक कार्यक्रम सम्बोधन गर्न जरुरी छ,” बोर्ड सदस्य पौडेलले भन्नुभयो।

सुनसान लेकसाइड

विशाल छाती भएको पोखराको सान फेवाताल शान्त छ। ढपक्क हिउँले ढाकिएको चाँदीजस्तै टलक्क टल्कने माछापुच्छ्रे, अन्नपूर्ण लगायतका हिमाल, तालमा टलपल पानी पर्यटकको स्वागत गर्न नपाउँदा फिका जस्तै बनेका छन् । तालमा दुबुल्की मार्ने ढुङ्गा किनारामा थन्क्याइएका छन् । वर्षायाम भएकाले फेवाताल भरिएको छ। तालको रौनकता बढेको छ तर तालमाथि तैरिने त्यो मानिसको भीड अहिले देखिँदैन। लेकसाइडको सडकमा सवारी साधनबाहेक सडक किनारका केही पसल मात्र खुलेका देखिन्छन्। धेरैजसो सटर बन्द छन्। ती सटर पदयात्रा तथा पर्यटकीय सामग्रीका हुन् । हो यतिखेर पोखराको परिवेश यस्तै छ। विदेशी पर्यटकले भरिभराउ पोखराका अधिकांश होटेलमा पाहुना छैनन्। आन्तरिक पर्यटक फाट्टफुट्ट मात्रामा भेटिन्छन् । उनीहरूलाई पर्यटक पाउनेभन्दा पनि करोडौँका सामान बिग्रिने हुन् कि भन्ने चिन्ता छ। पोखराकै व्यस्त होटेलमध्येको बाराही होटेल यस्तै अवस्थामा छ। प्रसिद्ध फूलबारी रिसोर्टमा पाहुना पुग्दैनन् । अन्य चर्चित होटेलको अवस्था पनि उस्तै छ। रेष्टुराँ खाली छन्। क्लब बार सुनसान। होटेल मात्र हैन पदयात्रा तथा पर्यटनका अन्य व्यवसाय पनि सुनसान देखिन्छ।

त्रासमा व्यवसायी

महामारीको दोस्रो लहरले पुनः व्यवसायी झस्किए । तैपनि दोस्रो लहरपछि पर्यटनले गति लिनेमा व्यवसायीको विश्वास कायमै रह्या तर महामारीको पछिल्लो तेस्रो लहरको पूर्ववत् सङ्केत र पछिल्ला दिनमा कोभिडका सङ्क्रमित बढेसँगै फेरि पनि व्यवसायी हतोत्सायी छन्। कतिपयलाई त पेसाबाटै विमुख होइने हो कि भन्ने चिन्ता छ। केहीले नयाँ विकल्प पनि शुरु गरिसकेका छन्। जग्गा तथा भवन भाडामा लिएर करोडौँ लगानी गरेका होटेल व्यवसायी लगानी उठ्नेभन्दा व्यवसाय नै धरापमा पर्ने होकि भन्ने चिन्ता बढेको छ । पोखराका होटेलमा दुई हजार पाँच सय शय्या छन्।

साहसिक गतिविधि पनि सुस्त

चर्चित साराङ्कोटस्थित ‘ हाइग्राउन्ड एडभेन्चर’ पोखराको महत्वपूर्ण साहसिक पर्यटकीय गन्तव्य हो। पोखरा पुग्ने पर्यटक साराङ्कोटबाट जिपलाइनको मजा लिन नपुग्ने विरलै हुन्छन् तर अहिले यो क्षेत्रमा पनि पर्यटक भेटिँदैनन् । सिजनमा दैनिक ७० जनासम्मले जिपलाइन र त्यत्ति नै सङ्ख्यामा बञ्जी जम्प गर्ने भए पनि अहिले मुस्किलले दुई/चारजनाले मात्रै सेवा लिएका छन् । हाइग्राउन्ड एडभेन्चर नेपाल प्रालिका प्रमुख सञ्चालक अधिकृत दिनेश महर्जनले अपेक्षित मात्रामा पर्यटक आउन नसकेको बताउनुभयो। कम्पनी कोभिडको दोस्रो लहरपछि दुई साताअघि मात्रै सञ्चालमा आएको थियो।

कति छ लगानी

तथ्याङ्कअनुसार पोखराका होटेल तथा रिसोर्टमा सात सय व्यवसायी आबद्ध छन् । यस व्यवसायमा पर्यटन व्यवसायीको आफ्नो लगानी ५० अर्ब छ भने बैंकको लगानी ७५ अर्ब छ । यस व्यवसायबाट १२ हजार दुई सय ९८ जनाले रोजगारी पाएका छन् । त्यस्तै रेष्टुरेन्ट तथा बारतर्फ एक सयजना व्यवसायी आबद्ध छन् । यसमा एक अर्ब व्यवसायीको आफ्नै लगानी छ भने तीन अर्ब बैंकको लगानी छ। ट्रेकिङ एजेन्सीतर्फ एक सय ५९ व्यवसायी आबद्ध भएका छन् र यसमा व्यवसायीको आफ्नै ३२ करोड लगानी छ। यसमा ४२ करोड ९७ लाख ६० हजार बैंकको लगानी छ। यसबाट एक हजार २७२ जनाले रोजगारी पाएका छन् । ट्राभल्स एजेन्सीतर्फ एक सय ८१ जना व्यवसायी आबद्ध भएकामा उनीहरूको आफ्नै लगानी ७९ करोड ७५ लाख ५० हजार छ भने १८ करोड ६० लाख ९५ हजार बैंकको लगानी छ । अन्य पर्यटकीय पूर्वाधारमा पनि करोडौँ लगानी छ।

यी हुन् पोखराका आकर्षण

अनुपम प्राकृतिक सुन्दरता, भौगोलिक विविधता तथा सुन्दर तालतलैया र वरिपरिका हरिया डाँडाकाँडा पर्यटनका लागि आकर्षण हुन्। माछापुच्छ्रे हिमालको छायाँ देखिने फेवातालका साथै दृश्यावलोनका लागि सराङकोट, विश्वशान्ति स्तूपा, काहुँडाडा, पुम्दीकोट, हुडिकोट, ठूलाकोट, भरतपोखरीस्थित मल्लकालीन कोटभैरव जस्ता धेरै स्थान यहाँका पर्यटकीय आकर्षण हुन् । महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर गुफासहित बीच भाग भएर बग्ने सेती नदी र पातले छाँगो पोखरा आउने पर्यटकले नछुटाउने गन्तव्य हुन्। कोभिड महामारीका कारण सन् २०२० मा पर्यटक आगमन करिब ८० प्रतिशतले गिरावट आयो। यो वर्ष पनि पर्यटक आगमन दर सुधारोन्मुख छैन। पर्यटन बोर्डको तथ्याङ्क सन् २०२१ को सात महिनामा जम्मा ६१ हजार ४९ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। त्यस्तै सन् २०१९ मा ११ लाख ९७ हजार १९१ र सन् २०१८ मा ११ लाख ७२ हजार ७२ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

क्षेत्रीय उडानले रौनकता

पोखराको पर्यटनलाई लक्षित गर्दै वायुसेवा कम्पनीले क्षेत्रीय उडान सञ्चालन गरिरहेका छन् । विशेषगरी छिमेकी मुलुक भारतको सीमा क्षेत्रबाट भारतीय पर्यटकलाई आकर्षण गर्न बुद्ध एयरले पोखराबाट नेपालगञ्ज, भैरहवा र भरतपुर उडान गरिरहेको छ । क्षेत्रीय उडानबाट पनि पर्यटक उल्लेख्य मात्रामा आउन नसकेको बुद्ध एयर पोखराका स्टेशन म्यानेजर गौतम बरालले बताउनुभयो। पोखरामा दैनिक दुई हजार जति हवाई यात्रु आवतजावत गर्ने गरेका छन् । काठमाडौँ-पोखरा गन्तव्यमा बुद्ध एयरले मात्रै दैनिक नौ उडान गरिरहेको छ।

बागलुङमा कडा निषेधाज्ञा

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

कडा प्रावधानसहित यहाँ आगामी भदौ ५ गते मध्यरातसम्मलाई निषधाज्ञा थप गरिएको छ । अत्यावश्यबाहेकका सबै सेवा बन्द हुने गरी बिहीबार बिहान ५ बजेदेखि निषेधाज्ञामा कडाइ गरिएको हो । यसअघि गत मङ्गलबार जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले कोरोना सङ्क्रमणदर बढेको निष्कर्षसहित निषेधाज्ञा कडा बनाउने निर्णय गरेको थियो। केन्द्रका संयोजक एवं निमित्त प्रमुख जिल्ला अधिकारी गणेश गौतमद्वारा जारी निषेधाज्ञाको आदेशअनुसार सबै खाले सार्वजनिक/निजी यातायात बन्द भएका छन्।

बजार, व्यवसाय, बैंक तथा वित्तीय संस्था, सरकारी/गैरसरकारी कार्यालय पनि सञ्चालनमा रोक लगाइएको छ । खाद्यान्न र पशुपक्षीका पसल हरेक आइतबार, बुधबार र शुक्रबार मात्र सञ्चालन हुनेछन्। यस्तै तरकारी, फलफूल, दूध, मासु, पानीलगायत अत्यावश्यक सेवाका पसल स्वास्थ्य मापदण्डको पालना गरेर दैनिक बिहान १० बजेसम्म मात्र खोल्न पाउने निर्णय गरिएको छ । विवाहलगायत संस्कारजन्य कार्यमा पनि एक पक्षबाट जम्मा सात जना मात्र सहभागी भएर घरमै गर्नुपर्ने नियम तोकिएको छ। काम नपरी घरबाहिर ननिस्कन र भीडभाडजन्य कुनै पनि क्रियाकलाप नगर्न स्थानीय प्रशासनले सबैमा आग्रह गरेको छ । त्रिभुवन विश्वविद्यालय, लोकसेवा र व्यावसायिक तालिम परिषद्बाट सञ्चालन हुने पूर्वनिर्धारित परीक्षा भने सञ्चालन हुने जनाइएको छ।

कोभिड-१९ विरुद्धको खोप अभियानले भने निषेधाज्ञामा पनि निरन्तरता पाउने केन्द्रले जनाएको छ। एम्बुलेन्स, दमकल, शववहानलगायत अत्यावश्यक सेवामा प्रयोग भएका सवारी साधन सञ्चालनमा भने कुनै अवरोध छैन। यस्तै सदरमुकामदेखि जिल्लाका विभिन्न भेगमा हुने खाद्यान्नको ढुवानीका लागि आइतबार, बुधबार र शुक्रबार सवारी साधन चलाउने दिइने भएको छ। बागलुङ भएर अन्य निषेधाज्ञा नभएका जिल्लामा जाने सवारी साधनले भने जिल्लाभित्र यात्रु चढाउन र ओराल्नसमेत नपाउने भएका छन्। दोस्रो चरणको महामारी भित्रिएपछि गत वैशाख तेस्रो सातादेखि यहाँ निषेधाज्ञा जारी छ । स्वास्थ्य कार्यालयका अनुसार हाल जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ६४८ छ। कोरोनाका सङ्क्रमणका कारण ६३ जनाले ज्यान गुमाएको कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिनुभयो।

ढुक्क छन् खोप लगाएका ज्येष्ठ नागरिक

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा महानगरपालिका-३२ स्थित राधाकृष्ण वृद्धाश्रममा बस्दै आएका सबै ज्येष्ठ नागरिकले कोरोना विरुद्धको खोपको दुईवटै मात्रा लगाइसकेका छन् । शुरुमा पहिलो मात्रा लगाउँदा भने उनीहरूमा के होला कसो होला भन्ने निकै डर थियो।

डरकै कारण अधिकांशले खोप लगाउन मानेका थिएनन्। खोप लगाउन नमानेका ज्येष्ठ नागरिकलाई वृद्धाश्रमका अध्यक्ष प्रेम लिगलको प्रयासमा विश्वस्त पारी पहिलो मात्रा खोप लगाइएको थियो । पहिलो मात्रा लगाइएका ज्येष्ठ नागरिकले दोस्रो खोप भने सहजै लगाए । दुवै मात्रा खोप लगाइसकेपछि भने अहिले वृद्धाश्रममा बस्ने प्रत्येक ज्येष्ठनागरिकले आफूलाई सुरक्षित महसुस गरेको अध्यक्ष प्रेम लिगलको भनाइ छ। “शुरुमा खोप लगाउन विश्वस्त पार्न धेरै नै प्रयास गर्नुपर्‍यो”, उहाँले भन्नुभयो, “अहिले भने दुवै मात्रा लगाइसकेका कारण उनीहरू आफ्नो स्वास्थ्य सुरक्षाप्रति ढुक्क देखिन्छन् ।” दुवै मात्रा खोप लगाए पनि आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने सरकारको निर्देशन भने सबैले पालना गरिरहेका छन्। कास्कीकै पोखरा महानगरपालिका-१७ स्थित पोखरा वृद्धाश्रममा बस्ने सबै ज्येष्ठ नागरिकले कोरोना विरुद्धको खोपको दुवै मात्रा लगाइसकेको वृद्धाश्रमका सचिव केशवराज लम्सालले जानकारी दिनुभयो।

कोरोना सङ्क्रमणबाट ज्येष्ठ नागरिक बढी प्रभावित हुन सक्ने अवस्थालाई दृष्टिगत गरी खोप प्राप्त हुनासाथ आवश्यक पहल गरी वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई तत्कालै खोप लगाइएको उहाँले बताउनुभयो । लम्सालका अनुसार खोप लगाएसँगै ज्येष्ठ नागरिकमा आत्मविश्वास बढेको पाइएको छ। सरकारले पनि ज्येष्ठ नागरिकलाई कोरोना विरुद्धको खोपका लागि प्राथमिकता दिएको समाज कल्याण परिषद् राष्ट्रिय ज्येष्ठ नागरिक कोषका सञ्चालक सदस्यसमेत रहनुभएका उहाँको भनाइ छ।

नेपालमा ७० वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकको सङ्ख्या २७ लाख रहेको उहाँले जानकारी दिनुभयो । दुवै मात्रा खोप लगाएका ज्येष्ठ नागरिक आफ्नो स्वास्थ्य सुरक्षाबारे ढुक्क बनेको उहाँको भनाइ छ। कास्कीमा वितरीत खोपमध्ये कोभिसिल्ड पर्याप्त नआउँदा अझै पनि केही ज्येष्ठ नागरिक दोस्रो मात्रा लगाउन बाँकी रहेको जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख बाबुराम आचार्यले बताउनुभयो । जिल्लामा पहिलो पटक कोभिसिल्ड खोप लगाएका ६५ वर्ष उमेर समूहभन्दा माथिका करिब ३२ हजार नागरिक दोस्रो खोपको पर्खाइमा रहेको जानकारी दिँदै उहाँले उनीहरूलाई आउँदो आइतबार, सोमबारतिर कोभिसिल्डको दोस्रो मात्राको खोप लगाउने तयारी गरिएको बताउनुभयो।

नेपालमा कुल जनसङ्ख्यामध्ये ६० वर्षभन्दा माथिका नागरिकको सङ्ख्या झण्डै १० प्रतिशत रहेको पोखरा वृद्धाश्रमका अध्यक्ष एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कुसुमकेशव पराजुलीले बताउनुभयो । ६० वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक भनिए पनि राज्यले प्रदान गरिने सामाजिक सुरक्षा लगायतका अधिकांश सेवा सुविधाका लागि भने ७० वर्ष उमेर पुग्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ।

शिक्षक आवश्यकता

यस सहारा बाल आ. वि. पोखरा-९ बसपार्क बालबिकास तहमा अध्यापन गराउने महिला शिक्षाको आवश्यकता भएकोले पो.म.न.पा. शिक्षा महाशाखाको मिति २०७८/०४/२८ र च.नं. ४२ को पत्रानुसार विद्यालय समयभित्र आवेदन पेश गर्न यो विज्ञापन प्रकाशन गरिएको छ।

तपशिल
विज्ञापन नं. ०१-२०७८/०७९
पद : बाल विकास (आधारभूत तह) संख्या : १ जना
शैक्षिक योग्यता : + २ पास (मन्टेश्वरी वा अनुभवी र स्थानीयलाई विशेष ग्राहयता दिइने छ।
आवश्यक कागजातहरु :
शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरुको १/१ प्रति प्रतिलिपि र निवेदन।
नागरिकता : नेपाली
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
आवेदन दस्तुर : ५००।-
परीक्षाको किसिम : लिखित, अन्र्तवार्ता र कक्षा अवलोकन
दरखास्त दिने अन्तिम मिति : २०७८/०५/१० गतेसम्म
परीक्षा केन्द्र : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क नं. : ९८५६०-६३०५९/०६१-५३१७७२
अन्य जानकारीका लागि : विद्यालयमा सम्पर्क गर्ने

श्री सहारा बाल आधारभूत विद्यालय
पोखरा महानगरपालिका- ९, शिवटोल, कास्की

नर्सिङ सेवासहितको वृद्धाश्रम निर्माण गरिने

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

बागलुङ नगरपालिका-४ निरयघाटमा निर्माणधीन मानवसेवा आश्रम भवन नजिकै सुविधा सम्पन्न वृद्धाश्रम निर्माण गरिने भएको हो।

सुविधा सम्पन्न वृद्धाश्रम निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाएको बागलुङ नगरपालिकाले जनाएको छ । नगरपालिकाको समन्वयमा राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थमन्त्रालयको विशेष अनुदानमा वृद्धाश्रम निर्माण गर्न थालिएको बताइएको छ।

बागलुङ नगरपालिकाले हेला होचोमा परेका वृद्धवृद्धा, परिवारका सदस्यबाट बहिस्कारमा परेका, स्याहारसुसार नपाएकालाई आश्रय दिनका लागि वृद्धाश्रम निर्माण गर्ने योजना चार वर्ष अघिनै अघि सारेको भए पनि अहिले आएर बजेट विनियोजन भएको बागलुङ नगरपालिकाका नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । "सकेसम्म वृद्धाश्रम जाने वातावरण नबनोस् भन्ने आम धारण हुन्छ तर पछिल्लो समय वृद्धाश्रम अनिवार्य जस्तै बन्दै गएको विभिन्न स्थानमा सञ्चालनमा आएका आश्रमले देखाउँछ", उहाँले भन्नुभयो, "घरमा बस्ने वातावरण नभएका, हेला होचामा परेका र संरक्षणको अभाव भएकालाई संरक्षण दिने, ध्यान र योग गर्न सिकाउने र खुशी जीवनयापन गर्न सिकाउने मूल उद्देश्य लिएर वृद्धाश्रम निर्माण गरिन लागेको हो।" वैदेशिक रोजगारिका लागि युरोप अमेरिका जानेले आफ्ना बुबाआमालाई वृद्धाश्रममा राख्ने गरेको समेत पाइएको छ। आर्थिक वर्ष २०७८/८९ मा एक तला भवन निर्माण गर्ने योजना रहेको र यसका लागि रु दुई करोड ६७ लाख बजेट विनियोजन भएर आएको छ । भवन निर्माणका लागि तत्कालै ठेक्का प्रक्रियामा जाने बागलुङ नगरपलिकाका इञ्जिनीयर मनोज शर्माले जानकारी दिनुभयो । निरयघाटमा रहेको जङ्गेश्वर महादेव लक्ष्मीनारायाण गुठीको पाँच रोपनी जग्गामा अहिले एक तलाका दुईवटा भवन निर्माण हुनेछ । ध्यान केन्द्र, नर्सिङ सेन्टर, भान्सा, डाइनिङसहित १४ कोठा निर्माण गरिने उहाँले जानकारी दिनुभयो । उक्त गुठीको जग्गामा मानव सेवाआश्रम निर्माण गर्न सात रोपनी जग्गा उपलब्ध गाराइएको बागलुङ नगरपालिकाले जनाएको छ । बागलुङ बजारमा जग्गाको अभाव भएपछि मानव सेवाआश्रम र वृद्धाश्रम दुबैलाई निरयघाटमा रहेको गुठीको जग्गा उपलब्ध गराइएको हो। पाँच रोपनी जग्गामा कम्पाउड, पार्क, ब्यायम केन्द्र, ध्यान गर्ने सभाहलसहितको तीन वटा तीन तले भवन निर्माण भएर आश्रमले पूर्णता पाउन झण्डै रु १२ करोड खर्च हुने इञ्जिनीयर शर्माले बताउनुभयो।

"निर्माण गर्दै जाने वृद्धवृद्धा राख्दै जाने नगरपालिकाको योजना हो, वृद्धाश्रम पूरा हुन त समय लाग्ला अहिले १४ कोठाको भवन बन्नेछ" उहाँले भन्नुभयो, "विद्धाश्रममा स्वास्थ्यकर्मीसहितको सेवा हुनेछ, वृद्धाश्रम सञ्चालनका लागि कार्यवृद्धि बनाइनेछ।" वृद्धाश्रममा अस्थायी रूपमा अभिभावकत्व प्रदान गर्ने गरी वृद्धवृद्धा राख्न सकिनेछ।

धौलागिरि अस्पतालमा चिकित्सकको अभाव

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

धौलागिरि अस्पताल बागलुङको स्तरोन्नतिसँगै गुणस्तरीय सेवा दिन थालिएको छ । कोरोना महामारीका बीच सीमित स्रोत र साधनका भरमा पनि उत्कृष्ट व्यवस्थापन गर्दै आएको अस्पतालमा दरबन्दीअनुसारको चिकित्सक भने सीमित हुँदा सकस भएको छ। कोरोना महामारीकै अवधिमा थुप्रै पूर्वाधार, उपकरण जुटाएको अस्पतालमा दरबन्दीअनुसारका मेडिकल अधिकृत, विशेषज्ञ तथा स्वास्थ्यकर्मीछैनन्।दरबन्दीअनुसारको स्वास्थ्यकर्मी, चिकित्सक नहुँदा अपेक्षाकृतरूपमा सेवा दिन समस्या भएको अस्पतालले जनाएको छ।

सम्भावित तेस्रो लहरको खतरा बढिरहेको बेला आइसियु र भेन्टिलेटर सञ्चालनका लागि आवश्यक मेडिकल अधिकृतको अभाव भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र बि पोखरेलले जानकारी दिनुभयो । सोह्र जना स्थायी विशेषज्ञको दरबन्दी रहेको अस्पतालमा हाल एक जनामात्रै विशेषज्ञ चिकित्सक कार्यरत रहनुभएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा पोखरेलबाहेक अन्य कुनै पनि विशेषज्ञ चिकित्सक नरहेको अस्पतालले जनाएको छ । अस्पतालमा अहिले १० जना विशेषज्ञ चिकित्सक करारमा कार्यरत छन्।

यस्तै छ जना स्थायी दरबन्दी रहेको मेडिकल अधिकृतमध्ये अहिले एक जनामात्रै अस्पतालमा कार्यरत रहेको र उहाँको समेत सरुवा भइसकेको छ। अस्पतालमा कोरोना महामारीकै समयमा करारका १५ मेडिकल अधिकृत कार्यरत रहेको अस्पतालमा अहिले जम्मा पाँच जना मेडिकल अधिकृत कार्यरत रहेको र दुई जनाको करार अवधि सकिन थालेको डा पोखरेलले जानकारी दिनुभयो । "कोरोना महामारीसँग जुध्न हामीसँग लगभग जनशक्ति पुगेकै थियो, गण्डकी प्रदेश सरकारले समेत कोरोना लक्षित गरी केही मेडिकल अधिकृत थप गरेको थियो तर सबै चिकित्सक करारका थिए", डा पोखरेलले भन्नुभयो, "यस्तो जटिल अवस्थामा दरबन्दीको त कुरै छोडौँ, करारका चिकित्सकसमेत नहुँदा समस्या जटिल बनेको छ, हामीलाई आइसियु, भेन्टिलेटर, शिशु सघन कक्षका लागि मेडिकल अधिकृत छैनन् ।" आफूले चिकित्सकको दरबन्दीको विषयमा पटक-पटक प्रदेश मन्त्रालयमा कुरा उठाए पनि सुनुवाइ नभएको डा पोखरेलले गुनासो गर्नुभयो । सम्भावित तेस्रो लहरमा बालबालिका बढी प्रभावित हुने भन्दै चार शय्याको शिशु सघन कक्ष निर्माण गरेको र थप पाँच शय्याको थप गर्ने गण्डकी सरकारको योजना रहेको भए पनि मेडिकल अधिकृत र नर्सको अभाव खड्किएको उहाँले बताउनुभयो।

"दश जना करारका भए पनि विशेषज्ञ छन् भन्ने नागरिकलाई छ तर उहाँहरूले आफ्नो विभाग धान्नै गाह्रो छ, कोरोनाका बिरामी, आइसियु, भेन्टिलेटरमा फिजिसियननै पुग्नुपर्ने हुन्छ, एउटै चिकित्सकले दिन र रात ड्युटी गर्न सक्ने कुरा भएन", उहाँले भन्नुभयो, "इमरजेन्सी, ओपिडी, भर्ना वार्डमा एउटै चिकित्सक पुग्नुपर्ने अवस्था हुन्छ, गुणस्तरीय स्वास्थ्य सेवा दिन, नर्स, मेडिकल अधिकृत र विशेषज्ञ तीनवटैको समन्वय मिल्नुपर्दछ, धेरै भूमिका मेडिकल अधिकृतको हुन्छ।"

अस्पतालमा उपकरण थपिँदै गए पनि दक्ष जनशक्तिको अभाव रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी रानामगरले बताउनुभयो । "मैले प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारीलाई ध्यानाकर्षण गराएको छुउहाँले केही चिकित्सक पठाउने प्रतिबद्धता जनाउनुभएको छ", मगरले भन्नुभयो, "अस्पतालको सिब्लक आठ वर्षमा सकिएको छैन, ठेकेदारलाई छिटो गर्न भन्दिन पर्‍यो पनि भनेको छु, अहिले तत्कालै दुई वटा डायलासिस मेसिन प्रदेशले पठाएको छ तर त्यसलाई चाहिने पानी उत्पादन गर्ने औजार चार शय्याको मात्रै छ, हामीले छ शय्याको डायलासिस कक्ष बनाएका छौँ तर सञ्चालनमा समस्या छ।"

डायलासिस कक्षमा १८ जना बिरामी पर्खाइमा रहेको अस्पतालले जनाएको छ। दुई मेसिन सञ्चालन गर्न पाए बिरामीलाई राहत हुने अस्पतालले जनाएको छ। दुई सय शय्यामा स्तरोन्नति गर्ने योजनामा रहेको अस्पतालमा ५० शय्या भए पनि अस्पतालले आवश्यकताअनुसार शय्या थप गर्दै उपचार गरिरहेको छ। अस्पतालमा बिरामीको चाप बढ्दै गएको र कोरोनासँग जुध्न कम्तीमा १५ जना मेडिकल अधिकृत चाहिने अस्पतालले जनाएको छ । अहिले भएको चार/पाँच जना मेडिकल अधिकृत इमर्जेन्सी कक्षमा जाँच र उपचारका लागि मात्रै ठिक्क हुने गरेको छ।

पचास लाखभन्दा बढीको योजनामा अनिवार्य डिपिआर

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

बागलुङको बडिगाड गाउँपालिकाले ५० लाखभन्दा बढीका योजनामा अनिवार्य विस्तृत आयोजना परियोजना प्रतिवेदन (डिपिआर)बनाउने नीति लिएको छ।

कोरोना सङ्क्रमणका कारण नीतिअनुसारको काम नभए पनि केही ठूला आयोजनामा भने डिपिआर बनेका छन् । ग्रामीण क्षेत्रका भए पनि सडक निर्माण गर्दा १६ प्रतिशतभन्दा कम ग्रेड हुनुपर्ने व्यवस्था गरिएको छ । यसअघि बनेका अधिकांश सडक ठाडो र साँघुरो भएकाले वर्षात्मा बाढीपहिरो जाने र सवारी साधन नगुड्ने हुँदा यस्तो नीति बनाइएको गाउँपालिका अध्यक्ष मेहरसिंह पाइजाले बताउनुभयो।

बडिगाड खोलाको दायाँबायाँ सडक बनाउने गरी डिपिआरसमेत बनाइएको छ । त्यसमा छिमेकी ढोरपाटन र गलकोट नगरपालिका तथा गुल्मीको मुसिकोट नगरपालिका समेतको सहकार्य रहेको छ । "हामीले डिपिआर बनाइसकेका छौँ, अब बडिगाड खोलालाई बीचमा पारेर चारवटै पालिकाको सडक सञ्जाल बन्नेछ", अध्यक्ष पाइजाले भन्नुभयो, "यो पर्यटन प्रवर्द्धनका लागि उपयोगी सडक बन्नेछ ।" गाउँपालिकाको केन्द्रदेखि जलजला हुँदै रणसिंकिटेनी, दर्लिङसम्म पुग्ने झण्डै ५५ किमी सडकका लागि डिपिआर बनाइने र यसअघिको ट्र्याकमा रहेको ग्रेड घटाउने काम थालिने भएको छ । "डिपिआर बनाएपछि योजना दीर्घकालीन महत्वको बन्ने र त्यसले दिगो विकासमा योगदान पुग्छ", प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण सुवेदीले भन्नुभयो, "दक्ष जनशक्ति अभावले सोचेजति काम गर्न भने सकिएको छैन ।" सडक बनाउने क्रममा कम्तीमा ४० प्रतिशत दायाँबायाँको संरचना निर्माणलाई अनिवार्य बनाइएको छ। ग्रामीण सडक पहिराले ध्वस्त बनाउने भएकाले समयमै संरचना बनाउँदा धेरै सडक पहिराबाट जोगिने उपाध्यक्ष अमरबहादुर श्रीषले बताउनुभयो। "अघिल्ला वर्षको तुलनामा बडिगाडका ग्रामीण सडकमा पहिरो थोरै खसेको छ", उहाँले भन्नुभयो, "यस वर्ष अत्यधिक वर्षात्ले केही क्षति भए पनि सडककै कारण समस्या भोग्नुपरेको छैन।" पहिरो नियन्त्रण प्रयास अघिल्लो वर्षदेखि सुरु भएको थियो।

चालु वर्षका लागि पनि समयमै योजना सम्झौता गरेर हिउँदमै काम सकाउने र अन्तिम समयमा आएर योजना सम्झौता गर्ने प्रवृत्ति अन्त्य गरिने भएको छ । ढुङ्गा, गिट्टी, बालुवा र अन्य खानी सञ्चालनका लागि अनिवार्य सूचीकृत हुनुपर्ने व्यवस्था गरिएको छ। फोहरको दीर्घकालीन व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल्ड बनाउने योजना छ।

गत वर्ष जिल्ला समन्वय समितिले अनुगमन गरेर सुझाएपछि गाउँपालिकाले आम्दानी बढ्ने गरी वातावरणीय प्रभाव हेरेर ठेक्का लगाउने तयारी गर्नाका साथै वर्षात्मा भने खोलाबाट निर्माण सामग्री उत्खनन गर्न रोक लगाएको छ।

बेनी अस्पतालमा इन्डोस्कोपी सेवा सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २८ साउन

म्याग्दीको बेनी अस्पतालमा बुधबारदेखि इन्डोस्कोपी सेवा सुरु भएको छ। स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत धवलागिरि गाउँपालिकाले विनियोजन गरेको रु ३० लाख बजेटबाट उपकरण खरिद र पूर्वाधार तयार पारेर उपचारका लागि अत्यावश्यक मानिने इन्डोस्कोपी सेवा सुरु गरिएको अस्पताल व्यवस्थापन समितिले जनाएको छ।

प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाको सिफारिसमा गत आर्थिक वर्षमा धवलागिरि गाउँपालिकामार्फत बेनी अस्पतालको सेवा विस्तारका लागि सो बजेट विनियोजन भएको थियो । समितिका अध्यक्ष बेलबहादुर कटुवालले इन्डोस्कोपी सेवा सञ्चालनसँगै यसका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता हट्ने बताउनुभयो।

"सीमित पूर्वाधार र जनशक्तिका बीच पनि अस्पतालको सेवा विस्तारलाई निरन्तरता दिएका छौँ", उहाँले भन्नुभयो, "इन्डोस्कोपी सेवा सुरु भएपछि बिरामीको उपचार थप प्रभावकारी र सहज हुन्छ।" यसअघि इन्डोस्कोपी गर्नुपर्ने बिरामीलाई पोखरा सिफारिस गरिँदै आएको थियो । इन्डोस्कोपी गर्दा शरीरमा पातलो नली राखेर शरीरभित्रका अङ्गमा परेको असरलाई क्यामेराको माध्यमबाटमोनिटरमाहेरीबिरामीको समस्या पहिचान गर्न सजिलो हुन्छ । गलाको समस्या, आन्द्रा सुन्निने, पित्तथैलीमा पत्थरी, पेटको अल्सर, दिसापिसाबबाट रगत बग्ने, गर्भावस्थामा समस्या देखिए, शल्यक्रिया गर्नु अगाडि र अन्य समस्या देखिएमा इन्डोस्कोपी गरिन्छ । भिडियो एक्सरेबाट पत्ता लाग्न नसकेको समस्यालाई करिब पाँचदेखि १० मिनेट इन्डोस्कोपी गरेपछि आउने सूचनाका आधारमा चिकित्सकले उपचार प्रक्रिया अघि बढाउँछन् । विसं २०७२ मा १५ बाट ५० शय्या क्षमतामा स्तरोन्नति भएको बेनी अस्पतालले पछिल्ला केही वर्षयता उपकरण र उपचार सेवा थप गर्दै गएको छ । सघन उपचारकक्ष, डायलायसिस, शय्यामै पाइपबाट अक्सिजन आपूर्ति गर्ने सुविधासहितको अक्सिजन प्लान्ट स्थापना, आँखा उपचार, आफ्नै फार्मेसी, शल्यक्रियामार्फत गरिने प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ। म्याग्दीका साथै पर्वत, बागलुङ र पर्वतका नागरिकले पनि बेनी अस्पतालबाट सेवा लिने गरेका छन् । ५० शय्या क्षमताको सुविधासम्पन्न भवन निर्माणमा भएको ढिलाइले अस्पतालको सेवा प्रवाहमा कठिनाइ भएको छ । सीमित पूर्वाधारका बाबजुद पनि बेनी अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीले सुविधासम्पन्न सहरका अस्पतालले दिने सेवा पनि दिएका बताइन्छ।

विद्युत् अभावले स्वास्थ्यसेवामा समस्या

रासस
मनाङ, २८ साउन

बाढीपहिराका कारण यस हिमाली जिल्लामा स्वास्थ्यसेवा प्रवाहमा समस्या भएको छ।

गत असार १ गते आएको बाढीपहिराले विद्युत् आपूर्ति अवरुद्ध गराएकाले सर्वसाधारणलाई सबै प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउन कठिन भएको हो । विद्युत्को अभाव र सौर्य ऊर्जा पनि जडान नहुँदा स्वास्थ्य तथा अन्य सेवाबाट मनाङवासी वञ्चित हुँदै आएका छन्।

जिल्ला अस्पतालका जनस्वास्थ्य निरीक्षक रहमत अन्सारीले भन्नुभयो, "विद्युत् आपूर्ति नहुँदा जेनेरेटरको सहयोग लिइरहेका छौँ, जेनेरेटर सञ्चालनका लागि इन्धन आपूर्ति गर्न मुस्किल छ, हेलिकप्टरबाहेक इन्धन ल्याउने अरु विकल्प छैन, विद्युत् नहुँदा स्वास्थ्यसेवा प्रवाहमा समस्या भएको छ"।

"सौर्य ऊर्जा ल्याइए पनि जडान गरिएको छैन, जेनेरेटर चलाएर सेवा दिँदै आएका छौँ, तेल सकिनै लागेको छ, तेल ल्याउन सडक सुविधा छैन, हेलिकोप्टरबाट ल्याउनुपर्छ," उहाँले भन्नुभयो, "मौसम पनि खराब छ, तेल ल्याउन सकिएन भने अबको एक/दुई दिनमा जिल्ला अस्पतालले दिँदै आएको सेवा नै अवरुद्ध हुने अवस्थामा पुगेको छ ।" जेनेरेटरका लागि थप तेल ल्याउन गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयलाई जानकारी गराइसकिएको निरीक्षक अन्सारीले बताउनुभयो। "तेल अभाव भएको जानकारी गराइसकेका छौँ । छिट्टै आउने अपेक्षामा छौँ" उहाँले भन्नुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मनाङ ल्याइएको सौर्य ऊर्जा हालसम्म जडान गर्न सकिएको छैन।

स्वास्थ्य, खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सवडिभिजन, पूर्वाधार विकास कार्यालय, भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र चामे गाउँपालिकाको कार्यालयमा सौर्य ऊर्जा जडान गर्ने भनिए पनि हालसम्म जडान गरिएको छैन । आइपुगेको सौर्य ऊर्जा जडानका लागि विज्ञ प्राविधिक नहुँदा ढिलाइ भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो।

"सामग्री आए पनि विज्ञ प्राविधिकको अभावले सौर्य ऊर्जा जडान गर्न सकिएको छैन, सम्बद्ध मन्त्रालयलाई जानकारी गराएका छौँ," उहाँले भन्नुभयो । बाढीपहिराले क्षति पुऱ्याएको केही समयमा मन्त्रालयमार्फत १६ वटा सौर्य ऊर्जा ल्याएर जडान गरिए पनि पछिल्लो समय ल्याइएका पाँच वटा सौर्य ऊर्जा भने अझैसम्म जडान गरिएको छैन।विद्युत् आपूर्ति नहुँदा मनाङवासी अध्यारोमै रात बिताउँदै आएका छन्।

आगामी साता देशभर वर्षा हुने

रासस
काठमाडौं, २८ साउन

आगामी साता देशभर मनसुन सक्रिय हुने भएको छ । मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजिक आइपुगेकाले आगामी साता देशभर मनसुन सक्रिय हुने भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका मौसमविद् समिर श्रेष्ठले भन्नुभयो, "अबको केही दिन देशका धेरैजसो स्थानमा वर्षा हुनेछ। वर्षा निरन्तर नभई केही समय घाम लाग्ने र केही समय वर्षा हुने क्रम चलिरहने छ ।" उहाँका अनुसार वर्षा निरन्तर एकै ठाउँमा नभई फरक-फरक दिन फरक स्थानमा हुने औँल्याएको छ । हाल देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। राति देशका अधिकांश स्थानमा सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

श्री सञ्जीबनी बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
आँधीखोला गा. पा. -५, सेतीदोभान बजार, स्याङ्जाको

घर बहालमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८ श्रावण २८ गते

यस सहकारी संस्था लिमिटेडलाई कार्यालय स्थापना गर्नको लागि नौ डाँडा-कार्कीनेटा सडकको सेतीदोभान बजार क्षेत्रको मूल सडकसँग जोडिएको कम्तिमा १०००(एक हजार) वर्ग फिट क्षेत्रफल भएको भुई तला वा पहिलो तला घर भाडामा लिन आवश्यक भएको हुँदा निम्न शर्त/बन्देजहरुको अधिनमा रहने गरी इच्छुक घर धनीहरुबाट शिलबन्दी प्रस्ताव आब्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक विवरणहरु स्पष्ट खुलाई यस सहकारी संस्थाको कार्यालयमा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ।

प्रस्तावसँग पेश गर्नुपर्ने विवरणहरु :
१) बहालमा दिने प्रस्तावित भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्सा, भाडामा दिनचाहेको क्षेत्रफल र भवनको नक्सा।
२) प्रस्तावित भवन निर्मित जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि।
३) घरधनीको नेपाली नागरिकताको प्रतिलिपि।
४) प्रस्तावित भवनको कर सहितको मासिक बहाल रकम अंक र अक्षरमा।

शर्तहरु :
१) प्रस्तावित भवनमा पानी, बिजुली सहित कम्तिमा आठ मिटर चौडाइको मोटर बाटो भएको हुनुपर्नेछ।
२) पार्किङको सुविधा भएको।
३) प्रस्तावित भवन भूकम्प प्रतिरोधात्मक आर.सि.सि. बनाबटको हुनुपर्नेछ।
४) प्रस्तावित भवन घटीमा दस बर्षको लागि उपलब्ध गराउनु पर्नेछ।
५) म्याद नाघी वा रित नपुगी आएका शिलबन्दी प्रस्ताव उपर कुनै कारबाही हुने छैन।
६) पेश गरिएका प्रस्तावको आधारमा भवन बहालमा लिने वा नलिने निर्णय गर्ने सम्पूर्ण अधिकार यस सहकारी संस्था लिमिटेडमा सुरक्षित रहनेछ साथै अस्वीकृत गरिएका कुनै प्रस्तावहरुको बारेमा कारण दिन यस सहकारी सं. लि.बाध्य हुने छैन।

सम्पर्क नं. ०६१-६२०४५४